जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१
तराई मधेशको लोकप्रिय पत्रिका
# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ७४ पृष्ठः ४ | २०८३ असार २५ बिहीबार (Thursday 09 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## १४ वर्षसम्म पनि अधुरो कमला पुल निर्माण, सास्ती भोग्दै स्थानीय



सिरहा, २४ असार। हुलाकी राजमार्गअन्तर्गत कमला नदीमा निर्माणाधीन पुल १४ वर्ष बितिसक्दा पनि सम्पन्न हुन सकेको छैन। हरेक वर्खामा आउने बाढीका कारण सिरहा र धनुषाका हजारौँ नागरिक आवतजावतमा सास्ती भोग्न बाध्य छन्। नदीको बीचमा अधुरा पिलर र खिया लागेका फलामे डन्डी अहिले पनि पुल निर्माण अलपत्र परेको अवस्थाको प्रतीक बनेका छन्।

विसं २०६८ मा पुल निर्माण सुरु हुँदा स्थानीयवासीले वर्खायाममा सहज आवतजावत, प्रदेश राजधानी जनकपुरधामसम्म छोटो यात्रा, कृषि उपजको सहज ढुवानी तथा स्वास्थ्य सेवामा पहुँच बढ्ने अपेक्षा गरेका थिए। तर पुल अझै सञ्चालनमा आउन सकेको छैन। समयको गतिसँगै नदीमा अनगिन्ती बाढी आए र बगे। यसबीचमा थुप्रै सरकार फेरिए, मन्त्री फेरिए तर ठेकेदारको म्याद थपिँदै गयो। विभागीय मन्त्रीदेखि प्रधानमन्त्रीसम्मको सिलसिलेवार अनुगमन भयो, प्रगतिका प्रतिवेदन तयार भए, तर स्थानीयको सास्ती उस्तै रह्यो।

कागजमा ९३ प्रतिशत प्रगति देखाएर राज्यकोषबाट करोडौँ रुपैयाँ भुक्तानी भइसके पनि भुइँमान्छेको सपना भने अझै कमलाको बगरमै अलपत्र छ। पुल निर्माण नहुँदा स्थानीयले हरेक वर्ष उस्तै सास्ती भोग्दै आएका छन्। सिरहा नगरपालिका–३ का किसान बलराम यादवले पीडा व्यक्त गर्दै भने, 'यहाँका नागरिकलाई वस्तुभाउ चराउन, घाँसपात गर्न र उत्पादित तरकारी तथा दूध समयमै बजार पुऱ्याउन चौध वर्षदेखि एउटै सास्ती छ। पुल नहुँदा वर्खामा पुरानो काठको डुङ्गामा ज्यान हत्केलामा राखेर पैदलयात्रु, साइकल र मोटरसाइकल वारपार गर्नुपर्छ। डुङ्गाको सन्तुलन बिग्रिएर बीचमै पल्टिने हो कि भन्ने त्रासमै हाम्रा १४ वर्ष बिते।'

उनले पुल निर्माणमा भएको ढिलाइले स्थानीयको जनजीवन प्रभावित भएको बताए। पुल नहुँदा स्थानीय किसानले उत्पादन समयमै बजार पुऱ्याउन नसक्दा आर्थिक नोक्सानी व्यहोर्नुपरेको छ। दूध तथा तरकारी ढुवानीमा विशेष समस्या हुने गरेको स्थानीयको भनाइ छ। सबैभन्दा पीडादायी अवस्था बिरामी, सुत्केरी र वृद्धवृद्धाको बनेको छ। आकस्मिक अवस्थामा अस्पताल पुग्नुपर्ने बेला नदीको भेल नै सबैभन्दा ठूलो अवरोध बन्छ। मधेश प्रदेशको आर्थिक 'लाइफ लाइन' मानिने हुलाकी राजमार्गअन्तर्गत तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित विसं २०६८ मा सुरु भएको थियो, कमला पुल निर्माण।

तत्कालीन समयमा २४ करोड ९० लाख ९७ हजार २०० रुपैयाँमा भएको ठेक्का सम्झौताअनुसार पुलसँगै एक हजार ३०० मिटर नदी नियन्त्रण (तटबन्ध) र दुई सय मिटर पहुँचमार्ग (एप्रोच रोड) निर्माण गर्नुपर्ने थियो। तर, राज्यकोषबाट

–बाँकी तीन पेजमा

## सिरहामा खोला किनारमा महिलाको शव फेला



सिरहा, २४ असार। सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिकामा ४० वर्षीया रञ्जुदेवी यादव मृत अवस्थामा फेला परेकी छन्। लक्ष्मीपुर पतारी–३ महेशपुर निवासी यादवको शव गाउँपालिकाको– ५ र ६ को सीमास्थित सरस्वती खोलाको उत्तरी किनारमा भेटिएको हो। स्थानीय अजय यादवले भैंसी चराउने क्रममा शव देखेपछि परिवारका सदस्य तथा प्रहरीलाई जानकारी दिएका थिए।

घटनास्थल पुगेको प्रहरीले

–बाँकी तीन पेजमा

## सिरहाको पहिलो साक्षर पालिका बन्यो लहान

**मणिलाल विश्वकर्मा**

लहान, २४ असार। जनसंख्या र भूगोलको हिसावले सिरहाको ठूलो लहान नगरपालिकालाई जिल्लाकै पहिलो साक्षर पालिका घोषणा गरिएको छ। नगरपालिकाको सभाकक्षमा बुधबार दिउँसो आयोजित समारोहबिच मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंहले नगरपालिका क्षेत्रमा स्थायी बसोवास गर्ने जनसंख्यामध्ये ९६ प्रतिशत साक्षर भएकाले राष्ट्रिय साक्षरता मापदण्ड अनुसारको सूचकहरुमध्ये आधा सूचकमा आधारमा साक्षर पालिका घोषणा गरेका हुन्।




नगर क्षेत्रका १५ देखि ६० वर्ष उमेर समूहका जनसंख्या ९५ प्रतिशत भन्दा माथि भए साक्षर घोषणा गर्न सकिने आधार पूरा भएकाले नगरपालिकाको साक्षर घोषणा समन्वय समितिको ८ असारको सिफारिश तथा ११ असारको १८औं नगरसभाको निर्णयबमोजिम साक्षर नगर घोषणा गरिएको हो।


नगरका शिक्षा शाखा प्रमुख अमिरी यादवका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा २, ३, ४, ५, ६, ७, ८, १४ र २१ गरी नौ वटा वडा साक्षर घोषणा भइसकेको जानकारी दिँदै त्यसबाहेक बाँकी १, ९, १०, ११, १२, १३, १५, १६, १७, १८, १९, २०, २२, २३ र २४ नं. वडाहरु सम्बन्धित वडा क्षेत्रमा पर्ने सामुदायिक विद्यालय तथा वडा कार्यालय र सामुदायिक सिकाइ केन्द्रको सहकार्यमा साक्षरता अभियान संचालन गरिएको बताए।

नगर क्षेत्रमा स्थायी बसोवास रहेका एक लाख दुई हजार ३१ जनसंख्या रहेको उल्लेख गर्दै उनले १५ देखि ६० वर्ष उमेर समूहका ६३ हजार दुई सय १८ मध्ये ६० हजार छ सय ९० जनसंख्या (९६%) साक्षर भएकाले साक्षर नगरपालिका घोषणा हुन सफल भएको औंल्याए।

**सूचना प्रविधिमैत्री शिक्षामा जोड**

साक्षर नगर घोषणा गर्दै मन्त्री सिंहले बजारको माग र आवश्यकताअनुसार सामुदायिक विद्यालयमा सूचना प्रविधिमैत्री शिक्षामा जोड दिँदै प्रदेश सरकारले खस्किंदो शिक्षाको अवस्था उकास्न सीमित स्रोत साधनको बावजुद मुख्य आवश्यकता र प्राथमिकता निर्धारण गरी काम थालेको बताए।

–बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं**

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल–ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं।
- सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## घुसको दलदलमा वन प्रशासन

सिरहाको सब डिभिजन वन कार्यालय बन्दिपुरका प्रमुख रामकेवल राय यादव १२ हजार रुपैयाँ घुस लिइरहेको अवस्थामा पक्राउ परेका समाचारले फेरि एकपटक सार्वजनिक सेवामा व्याप्त भ्रष्टाचारको वास्तविक चित्र उजागर गरेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सेवाग्राहीको उजुरीका आधारमा प्रमाण संकलन गरी उनलाई रंगेहात पक्राउ गर्नु आफैंमा सकारात्मक कदम हो। तर यस्ता पक्राउका घटनाले मात्र भ्रष्टाचार नियन्त्रण भएको निष्कर्ष निकाल्न सकिँदैन। बरु यसले सरकारी कार्यालयहरूमा सेवाग्राहीले दैनिक रूपमा भोग्नुपरेको घुस संस्कृतिको गहिरो जरा कति मजबुत छ भन्ने देखाउँछ।

वन प्रशासन प्राकृतिक स्रोतको संरक्षण, व्यवस्थापन र कानुनी उपयोग सुनिश्चित गर्ने जिम्मेवारी बोकेको निकाय हो। यस्तो निकायका प्रमुख नै आफ्नो अधिकारको दुरुपयोग गर्दै सेवाग्राहीसँग प्रतिट्रक चार हजार रुपैयाँका दरले घुस माग्ने र लिने अवस्थामा पुग्नु अत्यन्तै दुःखद र चिन्ताजनक विषय हो। सरकारी कर्मचारीले कानुन कार्यान्वयन गर्ने नाममा सेवाग्राहीलाई अनावश्यक दुःख दिने, काम रोक्ने र अन्ततः घुस माग्ने प्रवृत्ति लोकतान्त्रिक शासन व्यवस्थामाथिकै प्रश्न हो।

नेपालमा भ्रष्टाचार नयाँ समस्या होइन। हरेक वर्ष विभिन्न सरकारी निकायका कर्मचारीहरू घुससहित पक्राउ परिरहेका छन्। तर पक्राउ पर्ने क्रम नरोकिनुले भ्रष्टाचार नियन्त्रणका लागि अपनाइएका उपायहरू पर्याप्त प्रभावकारी हुन नसकेको देखिन्छ। भ्रष्टाचार केवल व्यक्तिको नैतिक कमजोरी मात्र होइन, कमजोर निगरानी प्रणाली, दण्डहीनता, प्रशासनिक अपारदर्शिता र राजनीतिक संरक्षणको परिणाम पनि हो। जबसम्म यी संरचनागत कमजोरी हटाइँदैनन्, तबसम्म एउटा कर्मचारी पक्राउ परे पनि अर्कोले त्यही बाटो समात्ने जोखिम रहिरहन्छ।

वन क्षेत्रसँग सम्बन्धित कामहरूमा काठ कटानी, ओसारपसार, उद्योग सञ्चालन, अनुमति तथा नवीकरणजस्ता प्रक्रियाहरू जोडिएका हुन्छन्। यी प्रक्रियालाई अनावश्यक रूपमा जटिल बनाइएपछि सेवाग्राही बाध्य भएर घुस दिनुपर्ने अवस्था सिर्जना हुन्छ। कतिपय अवस्थामा व्यवसायी वा सर्वसाधारणले कानुनी रूपमा पाउनुपर्ने सेवा पनि अतिरिक्त रकम नदिएसम्म नपाउने गुनासो सुनिँदै आएको छ। यसले सरकारी निकायप्रति नागरिकको विश्वास कमजोर बनाउँदै लैजान्छ।

यस घटनामा अख्तियारले उजुरीलाई गम्भीर रूपमा लिएर प्रमाण संकलन गरी कारबाही अघि बढाएको कार्य प्रशंसनीय छ। यसले भ्रष्टाचारविरुद्ध राज्य संयन्त्र सक्रिय रहेको सन्देश दिएको छ। तर अख्तियारको सफलता पक्राउको संख्याले मात्र मापन हुनु हुँदैन। भ्रष्टाचार हुनै नदिने वातावरण निर्माण गर्नु अझ महत्वपूर्ण जिम्मेवारी हो। त्यसका लागि सार्वजनिक सेवा प्रवाहलाई डिजिटल बनाउने, निर्णय प्रक्रियालाई पारदर्शी बनाउने, नियमित अनुगमन गर्ने तथा कर्मचारीको कार्यसम्पादन मूल्यांकनलाई प्रभावकारी बनाउनेतर्फ विशेष ध्यान दिनुपर्छ।

त्यसैगरी, भ्रष्टाचारविरुद्ध नागरिकको भूमिकालाई पनि कमजोर आँक्न मिल्दैन। सेवाग्राहीले घुस दिनुभन्दा उजुरी गर्ने संस्कृतिको विकास हुनु आवश्यक छ। यस घटनामा पनि सेवाग्राहीले उजुरी गरेकै कारण अख्तियारले कारबाही गर्न सफल भएको हो। यदि नागरिकहरू डर, दबाब वा निराशाका कारण मौन बस्ने हो भने भ्रष्ट कर्मचारीहरूको मनोबल झन् बढ्नेछ। त्यसैले उजुरीकर्ताको सुरक्षा, गोपनीयता र कानुनी संरक्षण सुनिश्चित गर्नु राज्यको दायित्व हो। सरकारी कर्मचारीहरूले पनि सार्वजनिक पद व्यक्तिगत लाभका लागि होइन, जनसेवाका लागि हो भन्ने मूल्यलाई आत्मसात् गर्नुपर्छ। राज्यले उनीहरूलाई दिएको अधिकार नागरिकको सेवा गर्नका लागि हो, सेवाग्राहीलाई दुःख दिएर अनुचित लाभ उठाउनका लागि होइन। केही कर्मचारीको गलत व्यवहारले इमान्दार कर्मचारीहरूको प्रतिष्ठामाथि समेत प्रश्न उठ्ने भएकाले निजामती सेवाभित्र आत्मअनुशासन र नैतिकताको संस्कृतिलाई अझ बलियो बनाउनुपर्छ।

सिरहाको यो घटना एउटा व्यक्तिको गिरफ्तारीमा मात्र सीमित राख्नु हुँदैन। यसलाई वन प्रशासनसहित सम्पूर्ण सार्वजनिक निकायमा रहेको भ्रष्टाचार नियन्त्रण गर्ने अवसरका रूपमा लिनुपर्छ। निष्पक्ष अनुसन्धान, दोषीमाथि कडा कानुनी कारबाही र प्रणालीगत सुधार सँगसँगै अघि बढे मात्र यस्ता घटना दोहोरिने सम्भावना घट्छ। अन्यथा केही कर्मचारी पक्राउ पर्ने र केही समयपछि फेरि उस्तै समाचार दोहोरिने दुष्चक्रबाट मुलुक मुक्त हुन सक्ने छैन। भ्रष्टाचारमुक्त, पारदर्शी र जवाफदेही प्रशासन निर्माण गर्नु आजको सबैभन्दा ठूलो आवश्यकता हो, किनकि सुशासनबिनाको विकास दिगो हुन सक्दैन।

# युवा सरकारका सुधारको गति, कूटनीतिक शक्ति सन्तुलन र लोकतन्त्र संस्थागतको सवाल

**डा. बुद्धिप्रसाद शर्मा**

आमनागरिकबाट निकै नै आशा गरिएको राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) का वरिष्ठ नेता वालेन्द्र शाह 'बालेन' नेतृत्वको सरकारले आफ्ना १०० दिन पूरा गरेसँगै विविध विश्लेषण एवं टिप्पणी भइरहेका छन्। प्रतिपक्षहरूका धारणा जे-जस्तो रहे पनि स्वतन्त्र बुद्धिजीवीहरूको निष्कर्षचाहिँ सुधारका लागि सरकारको दिशा र लय सही छ, भलै पारदर्शिता र रणनीतिक तयारीका सन्दर्भमा अलि परिपक्वता प्रदर्शन गर्न जरुरी छ।

पुराना शक्तिहरूबाट आजित नागरिकले जेन-जी विद्रोहहुँदै निर्वाचनमार्फत नयाँ राजनीतिक कोर्सको सुरुवात गरिदिएका छन् र त्यस राजनीतिक अभियानको नेतृत्व गर्ने अवसर उच्च जनमतका साथ रास्वपाले प्राप्त गरेको छ। नेपाली राजनीतिलाई व्यावहारिकतामा प्रदर्शन गर्ने सन्दर्भमा यस सरकारले थप परिपक्व र विवेकपूर्ण किसिमले अगाडिका मार्ग पहिल्याउनुपर्ने सुझावहरू विभिन्न कोणबाट आएका छन्। सरकार गठनलगत्तै शासकीय सुधारका सय कार्यसूचीहरू सार्वजनिक गरी सरकारले आगामी दिनहरूमा अवलम्बन गर्ने यात्राबारे स्पष्ट गर्‍यो। यीमध्ये केही तत्काल सम्बोधन गर्न सकिने र अन्यचाहिँ समग्र सुधारसँगै अगाडि बढ्ने किसिमका थिए।

सरकारले योबीचमा जति फड्को मार्न खोज्यो, त्यो अत्यन्त सराहनीय छ। अबको आवश्यकता भनेको जनताले तत्काल महसुस गर्न सक्ने काम गर्दै दीर्घकालीन संस्थागत सुधारतर्फ अगाडि बढ्ने हो। मलेसिया, सिंगापुर, दक्षिण कोरियाजस्ता मुलुकहरूको विकासको इतिहास हेर्दा पनि सुशासन र सेवा प्रवाहलाई खरो रूपमा कार्यान्वयन गरेर अगाडि बढेको देखिन्छ। सरकारका कतिपय मन्त्रीहरू दीर्घकालीन सुधारतर्फ मात्र केन्द्रित हुन खोजे भन्ने केही टिप्पणीकारहरूको भनाइ छ। आमनागरिक वर्तमानका मुद्दाहरूबाटै बढ्ता दुःख हैरानी पाइरहनुपरिरहेको यथार्थलाई बुझेर तत्कालको आवश्यकता सम्बोधन गर्दै अन्य सुधारतर्फ अगाडि बढ्नुपर्छ। जस्तो कि खेती कर्म गर्ने यस वर्षायाममा किसानका आवश्यकता र मागहरूमा अलि बढ्ता नै प्रकट रूपमा सरकार देखिन सक्नुपर्थ्यो। किसानले हाललाई राहतको महसुस गर्न सके मात्र सरकार नजिकै छ भन्ने अनुभूति गर्दछन्।

मुख्य गरी ३५ वर्ष लामो भयानक कुशासनबाट आजित युवाहरूले २३ र २४ भदौ २०८२ को विशाल जेन-जी विद्रोहपश्चात् नयाँ राजनीतिक अध्याय सुरु गराउन सफल भए। यस विद्रोहको मर्मलाई गत २१ फागुन २०८२ को आमनिर्वाचनले समेत स्वीकार एवं वैधानिकता प्रदान गरेपछि शाहको नेतृत्वमा युवा सरकार गठन भएको हो। यसले व्यावहारिकता, सेवा प्रवाह र ठोस कार्यान्वयनमा जोड दिएको हुँदा कतिपय टिप्पणीकारहरूले प्राविधिक सरकार भने पनि देशका बग्रेल्ती समस्याहरूको सम्बोधनमा यो सरकारको लय र ताल सही छ।

सरकारले भ्रष्टाचार र सुशासनका क्षेत्रतर्फ कडा कदम चाल्ने संकेत गरिसकेको छ। २०४८ सालयताका उच्च पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्न आयोग गठन, सयौँ राजनीतिक नियुक्तिहरूको खारेजी, स्ववियु र ट्रेड युनियनहरूमाथिको लगाम, अवैध सवारी सुविधा कटौति, भ्रष्टाचार मुद्दामा आक्रामक छानबिन सुरु गरेर सरकारले सुशासनको लय अख्तियार गरेको छ। त्यस्तै, सरकारले सेवा प्रवाहमा डिजिटल गभर्नेन्सको प्रयोगलाई आक्रामक रूपमा अगाडि बढाएको छ। पहिलेका सरकारप्रति आमनागरिकमा रहेको व्यापक आक्रोशका कारणहरूमा एक सरकारी सेवा प्रवाहमा चरम ढिलासुस्ती र बेथिति थियो। सरकारले यो समस्यालाई प्राथमिकतामा राखेर काम गरिरहेको छ। प्रशासनिक सुधारतर्फ सरकारको सक्रियतालाई स्वतन्त्र बुद्धिजीवीहरूले समेत खुलेर प्रशंसा गरेका छन्।

युवा सरकारका अधिकांश सदस्यहरू आफ्नो क्षेत्रका विज्ञ भए पनि राजनीतिक अनुभवमा अलि परिपक्व भएनन् भन्ने गुनासाहरू नआएका होइनन्, र यसलाई अन्यथा लिनुपर्ने कारण पनि छैन्। नियत, लय र गति सही भएपछि अनुभवहरू स्वतः बढ्दै जान्छन्। तर, यो पनि सही हो कि कुन परिस्थितिमा के बोल्ने, कसरी धारणा राख्ने र कस्तो उपस्थिति जनाउने भन्ने विषयमा चाहिँ सबै राजनीतिकर्मीहरूले विचार पुऱ्याउनुपर्छ।

यो सन्दर्भमा यो सरकारका सदस्यहरूले झन् बढी हेक्का पुऱ्याउनुपर्छ नागरिक भरोसा कायम गर्न र विपक्षीहरूलाई अनावश्यक आलोचनाहरू गर्ने ठाउँ नदिनकै लागि पनि। तर, विपक्षीहरूका जायज, रचनात्मक र व्यावहारिक सुझाव एवं आलोचनाहरूलाई चाहिँ सरकारले सदा नम्र भएर ग्रहण गर्नुपर्छ। यो अभ्यासले लोकतन्त्रको कद बढाउँछ र लोकतान्त्रिक संस्कारको विकास हुन्छ। राजनीतिक अध्येता क्लाइरे योर्कले सन् २०२५ मा प्रकाशित आफ्नो पुस्तक 'एम्पेथी इन पोलिटिक्स एन्ड लिडरसिपः दि कि टु ट्रान्सफर्मिङ आवर वर्ल्ड'मा नेतृत्वमा हुने केही सच्चा गुणहरूले समग्र राजनीतिक संस्कारलाई नै उचित मार्गमा डोऱ्याई स्वस्थ राजनीतिक वातावरण तयार गर्ने उल्लेख गरेका छन्। नेल्सन मण्डेला हुँदै जेसिन्डा आर्डेनसम्मको राजनीतिक स्वभावले आन्तरिक राजनीति मात्र नभई विश्वलाई नै नयाँ राजनीतिक शिक्षा प्रदान गरेको लेखकको भनाइ छ।

सरकारले सामाजिक न्याय र सुकुम्बासीका मुद्दाहरूमा अलि मिहिनेत र गम्भीरताका साथ कार्य गर्नुपर्ने देखिएको छ। यी दुवै विषयहरू यति संवेदनशील छन् कि जसको मापन नागरिकले प्रत्यक्ष रूपमा गरिरहेका हुन्छन्। सुकुम्बासी समस्याको दिगो र प्रभावकारी समाधानका लागि सरकारले मिहिन रूपमा कार्य गरिरहेको र कसैलाई पनि अन्यायमा पर्न नदिने गरी समाधानको तयारी गरिरहेको सरकारले पटकपटक प्रतिबद्धता जाहेर गरेको छ।

लामो समयदेखि पुराना दलहरूको राजनीतिक रोटी सेक्ने आधार भएका यी मुद्दाहरूलाई सरकारले जनताका पक्षमा यथोचित काम गरी यो सरकार वास्तवमै सबै नागरिकहरूको सेवक हो भन्ने ठोस सन्देश दिनुपर्छ। पूर्वाधार सुधारतर्फ छोटो समयमै सरकारको सक्रियता र कार्यान्वयन पक्ष अत्यन्त प्रशंसनीय देखिएको छ। मन्त्री सुनिल लम्साल आफैँ पूर्वाधारविज्ञ भएका कारणले पनि योजना कार्यान्वयन, अनुगमन, मूल्यांकनलगायतका पक्षमा तीव्रताका साथ काम भइरहेको छ। खासमा कुनै पनि सरकारको सुरुवाती अवधिको मूल्यांकन गर्दा सरकारको नीतिगत स्पष्टता, कार्यान्वयन गति, पारदर्शिता र जवाफदेहिता, संस्थागत सुधार र जनसहभागितालगायतका पक्षहरूको अध्ययन गर्ने गरिन्छ। यी सबै पक्षमा सरकारको सक्रियता उच्च मनोबलका साथ अगाडि बढेको छ।

प्रतिपक्षहरूले उठाउने गरेको प्रधानमन्त्रीको उपस्थिति कम भयो र जवाफदेहिताप्रति सरकार गम्भीर भएन भन्ने सन्दर्भमा सरकारका प्रवक्ताले पटक-पटक स्पष्ट पारेका कारण र सरकारका सबै कुराहरू खुला किताबसरह नै प्रवाह भइरहेको कारणले पनि प्रतिपक्षहरूको चासोको सम्बोधन भएको देखिन्छ। एउटा कुरा स्पष्ट के हो भने पहिलेका सरकार प्रमुखहरू आवश्यकभन्दा अनावश्यक कार्यक्रमहरूमा बढ्ता समय खेर फाल्थे भने हालका सरकार प्रमुख यो विषयमा विवेकपूर्ण किसिमबाट सचेत छन् र कहीँकतै पनि आफू र मन्त्रीमण्डल सदस्यहरूबाट समयको संवेदनशीलताभन्दा बाहिर नजाऊन् भन्नेमा प्रतिबद्ध छन्।

वैदेशिक शक्ति सन्तुलनतर्फ सरकारले अवलम्बन गरेका नीति र प्रस्तुति सन्तुलनकारी र राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखेर गरिएको देखिएको छ। कूटनीतिक प्रोटोकल पालनामा प्रधानमन्त्री स्वयम् उदाहरणीय बनेका छन् भने पहिलोपटक परराष्ट्र मन्त्रालयले बिनादबाब आफूलाई प्रस्तुत गर्न सकेको छ।

अर्को यथार्थ के पनि हो भने, नयाँ राजनीतिक परिवेशबाट गठित सरकार भएका कारण छिमेकी राष्ट्रहरूसहित अन्य मित्र राष्ट्रहरूले नेपालको मामिलालाई सूक्ष्म अध्ययन गरिरहेका छन्। परराष्ट्रमन्त्रीको भारत र चीन भ्रमणले सम्बन्धलाई व्यावहारिक रूपमा नयाँ उचाइ दिलाउन र नेपालको धारणा स्पष्ट गर्न धेरै मद्दत पुगेको कूटनीतिक मामिलाका जानकारहरूको टिप्पणी छ। राष्ट्रिय हितलाई केन्द्रमा राखी सबै राष्ट्रहरूसँग सुमधुर सम्बन्ध कायम गरी आर्थिक विकासमा बाह्य सहयोग र सहकार्य बढाई उच्चतम लाभ हासिल गर्ने सरकारको योजना छ। यसलाई मूर्त रूप दिन परराष्ट्र मन्त्रालयले विदेशमा रहेका सबै दूतावासहरूलाई काम देखिने गरी सक्रियता बढाउन निर्देशन दिएको छ।

अबको विश्वमा दुई देशको सम्बन्ध राम्रो छ भनेर कागजमा मात्र देखाएर होइन कि ठोस सहकार्य बढाई हातेमालो गर्दै आदानप्रदानका साथ आर्थिक लाभ र अवसर हासिल गर्ने किसिमले अगाडि बढ्न सक्नुपर्छ। शक्तिशाली राष्ट्रहरूको कूटनीतिक सम्बन्ध त यथार्थमा यिनै विषयहरूबाट निर्देशित हुन्छ भने हाम्राजस्ता मुलुकहरूले त झन् बढ्ता व्यावहारिकता देखाएर लाभ लिन सक्नुपर्छ। पछिल्लो चरणमा अमेरिका, चीन, एडीबीलगायतबाट भइरहेका र हुने क्रममा रहेका भ्रमणको सिलसिलाले नेपालको महत्त्व र सहकार्य बढ्दै गएको बुझ्न सकिन्छ। नेपाल भूराजनीतिक रूपमा अति संवेदनशील अवस्थामा रहेका कारण पनि कूटनीतिक सम्बन्ध सञ्चालनका चुनौती र अवसरहरू उत्तिकै भएकाले निकै नै गम्भीरताका साथ व्यावहारिकता देखाउन सन्तुलन कायम गर्न सक्नुपर्छ। नेपाली भूमि कुनै पनि मित्र राष्ट्रहरूविरुद्ध प्रयोग हुन नदिन हरपल सचेत रहनुपर्छ।

नयाँ युवा सरकारका सदस्यहरूले योग्य सल्लाहकारहरूबाट सुझाव लिँदै अनुभवको कमी हुन दिनु हुँदैन। सरकार सञ्चालन एक कठिन प्रक्रिया र धेरै समन्वय पुऱ्याउनुपर्ने भएकाले पनि अनुभवीहरूबाट सुझाव सल्लाह लिएर काम गर्न हिच्किचाउनु हुँदैन। रास्वपाले सुसंस्कृत राजनीतिक अभ्यासमा जोड दिएकाले पनि सरकारले अन्य दलहरूसँगको संवाद, सञ्चार र सहकार्यलाई महत्त्वमा राख्नुपर्दछ। चुनावी नतिजाले कमजोर अवस्थामा पुगेका प्रतिपक्षी दलहरू सरकारले संवादमा जोड दिँदा सरकारप्रति कठोर हुँदैनन्। यसै गरी, आर्थिक स्रोत जुटाउने सन्दर्भमा पनि सरकारले उचित वातावरण तयार गरी आन्तरिक तथा बाह्य सक्रियता बढाउनुपर्छ। सरकारले गरिरहेका र निकट भविष्यमा गर्न गइरहेका कार्यहरूको स्पष्ट सूचना प्रवाह हुन सकेमा यसले पारदर्सिता र जनसहभागिता दुवै वृद्धि गर्दछ।

–बाँकी तीन पेजमा

## युवा सरकारका...

निष्कर्षमा, सरकार जनमतको हिसाबले अत्यन्त शक्तिशाली त छ, तर चुनौतीहरूका चाङ बग्रेल्ती छन्। नागरिकका अपेक्षा यति धेरै छन् कि योबाहेक अर्को विकल्पबाट सम्बोधन हुने सोच्नै नसक्ने अवस्थामा छन्। सरकारले घोषणाहरूको कार्यान्वयनमा तीव्रता देखाओस्, सक्षम सल्लाहकारहरूको सुझावअनुसार परिपक्व सक्रियता देखाओस् र नतिजामुखी कार्यशैलीलाई व्यवहारमा प्रदर्शन गरोस्। मुख्य गरी जवाफदेहिता र पारदर्शिताका सन्दर्भमा कसैले पनि प्रश्न गर्ने ठाउँ सरकारले दिनु हुँदैन। (लेखक शर्मा अन्तर्राष्ट्रिय राजनीति र सञ्चार विषयका अध्येता हुन्।) शिलापत्रबाट

## १४ वर्षसम्म ...

२३ करोड १९ लाखभन्दा बढी रकम भुक्तानी भइसक्दा पनि पुल सञ्चालनमा आउन सकेको छैन। कागजमा ९३ प्रतिशत भौतिक प्रगति देखिए पनि नागरिकले त्यसको प्रतिफल अझै पाएका छैनन्। पप्पु–लुम्बिनी बिल्डर्स जेभीले २०६८ जेठ ३१ मा ठेक्का पाई २०७१ मंसिर ३० भित्र सक्नुपर्ने यो आयोजना हाल नवौँ पटकको म्याद थप प्रक्रियामा छ।

विसं २०७५ को बाढीपछि पप्पु कन्स्ट्रक्सन बाहिरिएर साझेदार लुम्बिनी बिल्डर्सले काम अन्तिम चरणमा पुऱ्याए पनि सञ्चालन नहुँदै २०७८ सालमा पुलका दुई वटा पिलर नदीमा भासिए। यति गम्भीर प्राविधिक त्रुटि हुँदा पनि सोही कम्पनीलाई नै पुनःनिर्माणको जिम्मा दिइए पनि चार वर्षदेखि अवस्था उस्तै छ। हुलाकी राजमार्ग निर्देशनालय, जनकपुरका आयोजना प्रमुख कृष्णकुमार महतोका अनुसार बाढीपछिको प्राविधिक मूल्यांकन, डिजाइन पुनरावलोकन र प्रशासनिक प्रक्रियाले निर्माण अवधि लम्बिएको हो।

हाल पुनःनिर्माणका लागि जग (पायर) राख्ने काम सकिएर जमिनमाथिको संरचना मात्र बाँकी रहेको जानकारी दिँदै उनले भने, 'नयाँ पुल बनाउनुभन्दा भत्किएको संरचना पुनःनिर्माण गर्नु आर्थिक रूपमा उपयुक्त भएकाले ताकेता गरिरहेका छौँ। सम्झौताअनुसार ढिलाइको अतिरिक्त लागत निर्माण कम्पनी आफैँले ब्यहोर्नेछ।' यद्यपि, विसं २०६८ को २४ करोडको बजार मूल्य र आजको लागतबीच आकाश–जमिनको अन्तर आइसकेकाले राज्यले यस आयोजनाबाट अर्बौंको 'अवसर लागत' गुमाइसकेको छ।

अर्थशास्त्रका प्राध्यापक धरणीधर अधिकारीका अनुसार हुलाकी राजमार्ग मधेश प्रदेशको मात्र नभई समग्र मुलुककै व्यापारिक तथा रणनीतिक मेरुदण्ड हो। उनी भन्छन्, 'यति महत्त्वपूर्ण आयोजना १४ वर्षसम्म अलपत्र पर्नुले हाम्रो विकास प्रशासन र पुँजीगत खर्च गर्ने क्षमताको वास्तविक अवस्था उजागर गरेको छ। समयमै आयोजना सम्पन्न नहुँदा कृषि, व्यापार, औद्योगिक आपूर्ति शृंखला र स्थानीय अर्थतन्त्रमा दीर्घकालीन नकारात्मक असर परेको छ।'

पुल निर्माणमा भएको ढिलाइले स्थानीय जनजीवन र बजार नराम्ररी प्रभावित भएको छ। सिरहा सदरमुकामबाट केवल ३१ किलोमिटरको दूरीमा रहेको प्रदेश राजधानी जनकपुरधाम पुग्न अहिले चोहर्वा र ढल्केबर हुँदै करिब ९० किलोमिटर घुम्नुपर्ने बाध्यता छ, जबकि पुल बनेको भए यो दूरी आधा घण्टामै पार हुने थियो। बजार पहुँचको अभावमा स्थानीय किसानले आफ्ना उत्पादनको उचित मूल्य पाउन सकेका छैनन् भने ढुवानी खर्च बढ्दा स्थानीय व्यवसायीहरूको प्रतिस्पर्धात्मक क्षमता समेत कमजोर बनेको छ।

स्थानीय जनप्रतिनिधि र नागरिक समाजले पनि सरकारको उदासीनताप्रति तीव्र असन्तुष्टि व्यक्त गरेका छन्। सिरहा नगरपालिका–६ का वडाध्यक्ष इन्द्रजित यादव भन्छन्, 'राज्यले स्थानीय नागरिकमाथि सरासर अन्याय गरिरहेको छ। हरेक वर्षामा समस्या दोहोरिन्छ, वर्षा सकिएपछि पुलको चर्चा पनि सेलाउँछ। आखिर यो सास्ती कहिलेसम्म?' सरकारी बेवास्ताबाट निराश स्थानीय बासिन्दा अहिले भासिएको पुलको साटो नयाँ पुलको माग गर्दै जनस्तरबाटै बृहत् अभियान सञ्चालन गर्ने तयारीमा छन्। कमला पुल निर्माण संघर्ष समितिका संयोजक रामरिझन यादवले सरकारले जनतामाथि ठूलो अन्याय गरेको बताए। गत जेठमा भौतिक पूर्वाधार मन्त्री सुनिल लम्सालले स्थलगत अनुगमन गरी निर्माण चाँडो सक्न निर्देशन दिएका थिए।

संघर्ष समितिमा आबद्ध स्थानीय इन्जिनियर प्रवीन यादवले भन्छन्, 'हामीले अनुगमन र निर्देशन धेरै पटक देखिसक्यौँ, तर कामले गति लिएन। स्पष्ट कार्ययोजना र निश्चित समय सीमाविना दिइने निर्देशनले स्थानीयको विश्वास फर्कन सक्दैन, सरकारले अब आश्वासन होइन परिणाम देखाउनुपर्छ।' कमला पुलको १४ वर्षे अलपत्र कथा केवल एउटा पूर्वाधारको असफलता मात्र होइन, यो सार्वजनिक वित्त व्यवस्थापन, कमजोर ठेक्का प्रणाली, सुस्त विकास प्रशासन र जवाफदेहिताको अभावको ज्वलन्त ऐनाका रूपमा हेर्न सकिने स्थानीयको बुझाइ छ।

## सिरहामा खोला...

आवश्यक कानुनी प्रक्रिया पूरा गरी शव परीक्षणका लागि लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पताल पठाएको छ। मृतकका बुबा हरिदेव यादवका अनुसार रञ्जुदेवी केही समयदेखि मानसिक समस्याका कारण माइतीमै बस्दै आएकी थिइन्। मानसिक अवस्थाका कारण उनी कहिले घरमा बस्ने र कहिले बाहिर हिँड्ने भन्ने निश्चित नहुने गरेको उनले बताए। उनको माइती लक्ष्मीपुर पतारी–५ पथलगडामा रहेको छ। प्रहरीका अनुसार मृत्युको यथार्थ कारण अझै खुल्न सकेको छैन। घटनाबारे थप अनुसन्धान भइरहेको जनाइएको छ।

## सिरहाको पहिलो ...

'त्यसका लागि दलित समुदायका चार हजार मुसहर, डोम, बाँतरसहित सिमान्तकृत समुदायका विद्यार्थीलाई छात्रावाससहित पढ्ने व्यवस्था, पाँच सय स्वयम्सेवक शिक्षक भर्ना गरिने बजेटमा व्यवस्था गरिएको छ', उनले भने 'प्रदेशअन्तर्गतका हरेक जिल्लामा नमूनाको रुपमा अंग्रेजी माध्यममा पठनपाठन, छोरी बुहारीलाई उच्च शिक्षामा छात्रवृत्ति, जिल्ला जिल्लामा दुई–दुई वटा नमूना विद्यालय संचालन, कम्प्युटर, गणित, विज्ञान प्रयोगशाला निर्माणसहित संचालन गरिने छ।' प्रदेश अन्तर्गतका ८७ वटा सामुदायिक विद्यालयमा नमूना भान्सा कार्यक्रम संचालन गरिने उनले बताए। जिल्ला समन्वय समिति सिरहाका प्रमुख दिनेशकुमार महतोले विद्यालयका शिक्षक, विद्यार्थी र सामुदायिक सिकाई केन्द्रको सहकार्यमा जिल्लाकै पहिलो साक्षर नगरपालिका घोषित हुँदा गर्व लागेको बताए। नेपाल पत्रकार महासंघ सिरहा शाखाका अध्यक्ष मनोज बनैताले डिजिटल युगमा साक्षरता भनेको लेख्न पढ्न मात्र नभई आलोचनात्मक चेतनाको समेत विकास भएको उल्लेख गर्दै त्यसले सुशासन, पारदर्शिता र दिगो विकासमा सहयोग पुग्ने बताए।

समारोहमा नगर प्रमुख महेशप्रसाद चौधरीले नगरपालिकाले शिक्षा क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेको बताए। आगामी आ.व.को बजेटमा विशेष अनुदान अन्तर्गत प्राप्त हुने एक करोड ७५ लाख रुपैयाँ बजेट पनि सामुदायिक विद्यालयको सूचना प्रविधि सम्बन्धी पूर्वाधार, शैक्षिक सामग्री र गुणस्तरीय शिक्षामा लगानी गरिने उल्लेख गर्दै उनले साक्षर घोषित नगरपालिकाको दिगोपनाका लागि सबैको सहयोग र सहकार्यको अपेक्षा गरे।

# धान रोपाइँमा किसानको लागत बढ्यो



जनकपुरधाम, २४ असार। मधेसका किसान यतिबेला धान रोपाइँमा व्यस्त छन्। धान रोपाइँका लागि सिँचाइ तथा मलखादको समस्या त छँदैछ, यो वर्ष जोताइ खर्च बढेका कारण मारमा परेको किसान बताउँछन्। डिजेलको मूल्यवृद्धिसँगै ट्र्याक्टरबाट खेत जोत्ने शुल्क बढेको छ भने गाउँघरमा कामदार अभावले रोपाइँ प्रभावित बनेको किसानहरूको गुनासो छ। किसानका अनुसार ट्र्याक्टरबाट खेत जोत्न अहिले प्रतिघण्टा २ हजार ५ सय रुपैयाँसम्म तिर्नुपरेको छ। गत वर्ष यही कामका लागि १ हजार ५ सयदेखि १ हजार ७ सय रुपैयाँसम्म तिर्ने गरेका किसानले यस वर्ष प्रतिघण्टा झन्डै एक हजार रुपैयाँ बढी खर्च गर्न बाध्य भएका हुन्।

एक साताअघि सरकारले डिजेलको मूल्य प्रतिलिटर ३० रुपैयाँ घटाए पनि ट्र्याक्टरबाट खेत जोत्ने शुल्कमा कमी नआएको किसानहरूको गुनासो छ। धनुषाको विदेह नगरपालिका–४ का किसान विपिन बिहारी यादवले जोताइ खर्च अत्यधिक बढ्दा धान रोपाइँको लागत गत वर्षभन्दा निकै बढेको बताए। उनका अनुसार धान रोप्ने समयमै ट्र्याक्टरको खर्च महँगो हुँदा किसान आर्थिक रूपमा थप मारमा परेका छन्। अधिकांश किसानले गोरु पाल्न छोडेपछि भिरालो जग्गाबाहेक अधिकांश खेत ट्र्याक्टरबाटै जोत्नुपर्ने अवस्था छ। जोताइ खर्चसँगै मल, कीटनाशक विषादी र अन्य कृषि सामग्रीको मूल्यसमेत बढ्दा खेती झन् महँगो बन्दै गएको किसानहरू बताउँछन्।

धनुषाको जनकपुरधाम उपमहानगरपालिका –२३ का विलास साहले खेतका आली–भित्तो खन्न, धानको बेर्ना उखेल्न र रोपाइँ गर्नसमेत कामदार पाउन मुस्किल भएको बताए। उनका अनुसार सबै ठाउँमा एकैसाथ रोपाइँ सुरु भएकाले मजदुरको अभाव झन् चर्किएको छ। महोत्तरी गाउँपालिका, पर्साका किसान विवेकानन्द ठाकुरले गाउँका काम गर्ने उमेरका अधिकांश युवा पञ्जाब, दिल्ली, मुम्बई तथा वैदेशिक रोजगारीमा गएकाले खेतबारीमा काम गर्ने जनशक्ति अभाव भएको बताए।

यस्तै, सर्लाहीको सलेमपुरका किसान गगनदेव झाले मजदुर पाउनै कठिन भएको, पाए पनि ज्याला धेरै माग्ने र समयमा कामसमेत नगर्ने समस्या रहेको गुनासो गरे। पूर्वकृषि प्रमुख ठाकुरनारायण ठाकुरका अनुसार सबै किसानको पहुँचमा आधुनिक कृषि यन्त्र–उपकरण पुग्न नसक्दा अझै पनि धेरै किसान मजदुरकै भर पर्न बाध्य छन्। इन्धनको मूल्यवृद्धिका कारण यस वर्ष धानसहित अन्य बालीको उत्पादन लागत स्वाभाविक रूपमा बढेको उनले बताए।

कृषि उत्पादन लागत लगातार बढ्दै जाँदा र कामदार अभाव चर्किँदै जाँदा किसानहरू थप समस्यामा परेका छन्। कृषि क्षेत्रमा यान्त्रिकीकरण विस्तार, सहज दरमा कृषि सेवा उपलब्ध गराउने तथा श्रम व्यवस्थापनमा प्रभावकारी नीति ल्याउनुपर्ने आवश्यकता किसानले औँल्याएका छन्।

# अस्थायी बाँधबाट सिँचाइ, धान रोपाइँ सहज

**विनय कर्ण**

सप्तरी, २४ असार। पर्याप्त वर्षा नहुँदा सप्तरीसहित मधेश प्रदेशका अधिकांश खेत अझै सुक्खा छन्। असारको तेस्रो सातासम्म पनि पर्याप्त पानी नपर्दा किसानले अपेक्षाअनुसार धान रोपाइँ गर्न सकेका छैनन्। यद्यपि सप्तरीको रुपनी गाउँपालिका–१ स्थित खाँडो नदीमा निर्माण गरिएको अस्थायी बाँधबाट कुलोमार्फत खेतसम्म पानी पुगेपछि त्यस क्षेत्रका किसानलाई राहत मिलेको छ। खोलाको पानी खेतमा पुगेसँगै धान रोपाइँले पनि गति लिएको छ।



धान रोपाइँको मुख्य समयमा पानीको अभावले चिन्तित किसान अहिले राहत महसुस गरिरहेका छन्। खाँडो नदीमा अस्थायी बाँध निर्माण गरी पानी खेततर्फ मोडिएपछि करिब ४०० बिघा जमिनमा धान रोप्न सम्भव भएको स्थानीय किसान बताउँछन्। केही दिनअघिसम्म चिरा परेका खेतमा अहिले पानी भरिन थालेपछि किसानको अनुहारमा खुसी फर्किएको छ। खाँडो–मरघटिया सिँचाइ आयोजना जल उपभोक्ता समितिका अध्यक्ष राजेन्द्रप्रसाद यादवका अनुसार नदीको पानी खेतमा पुऱ्याउन सिँचाइ डिभिजन कार्यालय सप्तरीको सहयोगमा खाँडो नदीदेखि खेतसम्म करिब दुई किलोमिटर पाँच सय मिटर लामो कुलो निर्माण गरिएको छ। त्यसमध्ये ४१ मिटर पक्की र बाँकी कच्ची कुलो रहेको उहाँले जानकारी दिनुभयो। एक मिटरभन्दा बढी चौडाइको उक्त कुलोमार्फत अहिले खेतमा पानी पुगेको छ।

"खेतसम्म पानी पुऱ्याउन कुलो निर्माण गरिएको भए पनि नदीको मुहानमा बनाइएको अस्थायी बाँधलाई स्थायी बनाउन आवश्यक छ। त्यसो भए दीर्घकालीन रूपमा सिँचाइ समस्या समाधान हुन्छ," उहाँले भन्नुभयो। उहाँका अनुसार हालको व्यवस्था अस्थायी भए पनि त्यहाँ स्थायी ड्याम निर्माण गर्न सकिए एक हजार बिघाभन्दा बढी खेतीयोग्य जमिनमा वर्षभरि सिँचाइ सुविधा विस्तार गर्न सकिने सम्भावना छ। यसले हरेक वर्ष दोहोरिने पानी अभावको समस्या धेरै हदसम्म समाधान गर्ने विश्वास गरिएको छ।

**स्थायी ड्यामको माग**

अहिलेका लागि अस्थायी बाँधबाट किसानले राहत पाए पनि बाढी आएपछि उक्त बाँध बग्ने भएकाले स्थायी ड्याम निर्माण गर्नुपर्ने स्थानीय किसानहरूको माग छ। स्थानीय किसान सफिद मियाँले अस्थायी बाँधले तत्काल राहत दिएको भए पनि दीर्घकालीन समाधानका लागि स्थायी ड्याम अपरिहार्य रहेको बताउनुभयो। बाढीका बेला अस्थायी बाँध बग्ने भएकाले भरपर्दो सिँचाइका लागि स्थायी संरचना निर्माण गर्नुपर्ने उहाँको भनाइ छ।

रुपनी गाउँपालिका–१ का पूर्व वडाध्यक्ष पिताम्बर यादवले खाँडो खोलाको मरघटिया क्षेत्रमा स्लुइस गेटसहितको स्थायी ड्याम निर्माण गर्नुपर्नेमा जोड दिनुभयो। "यदि त्यहाँ स्थायी ड्याम बनेको भए अहिलेको खडेरीमा किसानले पानीको अभाव झेल्नुपर्ने थिएन," उहाँले भन्नुभयो।

**पालिकाको बजेटले धान्दैन**

रुपनी गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवले गाउँपालिकाको बजेटबाट स्थायी ड्याम निर्माण सम्भव नभएको बताउनुभयो। उहाँले सीमित स्रोत–साधनका कारण यति ठूलो आयोजना निर्माण गर्न नसकिने उल्लेख गर्दै स्थायी ड्याम निर्माणका लागि प्रदेश र संघीय सरकारसँग पटक–पटक पहल गरिए पनि अहिलेसम्म सफलता नमिलेको गुनासो गर्नुभयो।

# समुदायको सहभागितामा क्षयरोग नियन्त्रण अभियान, टिबी च्याम्पियन क्लब गठन



**मणिलाल विश्वकर्मा**

लहान, २४ असार। समुदायको सहभागितामार्फत क्षयरोग नियन्त्रण अभियानमा सहयोग पुऱ्याउने उद्देश्यले सिराहाको कर्जन्हा नगरपालिका बडहरामालस्थित स्वास्थ्यचौकीमा टिबी च्याम्पियन क्लब गठन गरिएको छ। समुदायमा क्षयरोगसम्बन्धी जनचेतना अभिवृद्धि, सम्भावित बिरामीको समयमै पहिचान, उपचाररत बिरामीलाई मनोसामाजिक सहयोग तथा सामाजिक लाञ्छना र विभेद न्यूनीकरणमा सघाउन मंगलबार क्लब गठन गरिएको स्वास्थ्य कार्यालय सिराहाका क्षयकुष्ठ अधिकृत चन्द्रकिशोर यादवले जानकारी दिए। नेपाल सरकार, ग्लोबल फन्ड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम ( युएनडिपी)बिचको त्रिपक्षीय साझेदारीमा बागमती सेवा समाज नेपालद्वारा सञ्चालित क्षयरोग ( टिबी) परियोजनाअन्तर्गत क्लब गठन गरिएको उनले बताए।

बागमती सेवा समाज नेपालका क्षयरोग परियोजनाका कार्यक्रम व्यवस्थापक नथुनीकुमार मण्डलका अनुसार क्लबले समुदायमा व्याप्त क्षयरोग सम्बन्धी भ्रम, गलत धारणा तथा सामाजिक लाञ्छना अन्त्य गर्न सकारात्मक पहल गर्ने उल्लेख गरे। सन् २०३५ सम्म क्षयरोग अन्त्य गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्न नेपालले समुदायको सक्रिय सहभागितामा विभिन्न क्रियाकलापहरू सञ्चालन भइरहेको जनाइएको छ।

स्वास्थ्यचौकी प्रमुख बलरामलाल दासले टिबी रोग निको भएका व्यक्तिहरूको अनुभव र नेतृत्वले सामाजिक लाञ्छना न्यूनीकरण तथा नयाँ बिरामीको पहिचानमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे। दुई साताभन्दा बढी लगातार खोकी लाग्ने, तौल घट्ने, ज्वरो आउने वा राति अत्यधिक पसिना आउनेजस्ता लक्षण देखिएमा क्षयरोग लागेको हुन सक्ने स्वास्थ्यकर्मीहरू बताउँछन्। क्लबका अध्यक्ष धर्मनाथ यादवले समुदायमा क्षयरोसम्बन्धी सचेतना फैलाउने, सम्भावित लक्षण देखिएका व्यक्तिलाई समयमै परीक्षणका लागि प्रेरित गर्ने तथा उपचाररत बिरामीलाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाए।

कार्यक्रममा कर्जन्हा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सुन्दरकुमार सदा, बडहरामल स्वास्थ्यचौकी प्रमुख बलरामलाल दास, क्षयरोग फोकल पर्सन नन्दलाल यादव, ओपिडी फोकल पर्सन नवलेन्द्र अधिकारी, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, टिबी च्याम्पियन, शिक्षक, सञ्चारकर्मी, बागमती सेवाका कर्मचारी तथा अन्य सरोकारवालाको सहभागिता थियो।

# नगरपालिका संघको मधेश संयोजकमा जनकपुरधामका प्रमुख साह मनोनित

**लक्ष्मी चौधरी**

जनकपुरधाम, २४ असार। जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह नेपाल नगरपालिका संघको मधेश प्रदेश समितिको संयोजकमा मनोनित हुनुभएको छ। संघले मधेश प्रदेश संयोजकको रिक्त पदमा गत सोमबार प्रमुख साहलाई संयोजकमा मनोनित गरेको हो। संघको असार १५ गते बसेको कार्यसमिति बैठकले साहलाई प्रदेश समितिको संयोजकका साथै संघको केन्द्रीय कार्यसमितिको पदेन सदस्यमा मनोनयन गर्ने निर्णय गरेको थियो। संघका कार्यकारी निर्देशक कलानिधि देवकोटाद्वारा हस्ताक्षरित पत्रमार्फत उक्त निर्णयको जानकारी गराइएको हो।

प्रदेश संयोजकका रूपमा साहले मधेश प्रदेशका स्थानीय तहबीच आपसी सहकार्य र समन्वय अभिवृद्धि गर्ने, साझा समस्या तथा आवश्यकतालाई एकीकृत रूपमा उठाउने, नीति निर्माण प्रक्रियामा स्थानीय सरकारको भूमिका सुदृढ बनाउने तथा संघीय, प्रदेश र स्थानीय तहबीचको सहकार्यलाई प्रभावकारी बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने बताउनुभएको छ। उहाँले मधेश प्रदेशका स्थानीय तहका विकास प्राथमिकता, चुनौती र आवश्यकतालाई राष्ट्रिय स्तरमा थप सशक्त रूपमा प्रस्तुत गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

नेपाल नगरपालिका संघले नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि, सुशासन प्रवर्द्धन, सेवा प्रवाहमा सुधार तथा स्थानीय सरकारका साझा हितका विषयमा विभिन्न तहका सरकारसँग समन्वय गर्दै आएको छ। यसअघि संघको मधेश प्रदेश संयोजकमा धनुषाको हंसपुर नगरपालिकाका प्रमुख प्रदीपकुमार यादव रहनुभएको थियो। प्रमुख यादवको गत माघ २६ गते उपचारका क्रममा निधन भएपछि उक्त जिम्मेवारी साहलाई दिइएको हो।

# बर्दीबास रक्तसञ्चारलाई ७० लाखको मेसिन

**रवीन्द्र उप्रेती**

बर्दीबास, २४ असार। रोटरी क्लब अफ बर्दीबासले नेपाल रेडक्रस सोसाइटी बर्दीबास उपशाखाद्वारा सञ्चालित रक्तसञ्चार केन्द्रलाई करिब ७० लाख रुपियाँ मूल्य पर्ने अत्याधुनिक ब्लड कम्पोनेन्ट सेपरेटर (रक्त अवयव छुट्याउने मेसिन) हस्तान्तरण गरेको छ। मधेश प्रदेशकी श्रम तथा यातायातमन्त्री शारदादेवी थापा, बर्दीबास नगरपालिकाका प्रमुख प्रहलाद क्षेत्री तथा रोटरीका केन्द्रीय पदाधिकारीलगायतले भारतको ग्रेटर तेजपुर रोटरी क्लबको संयुक्त पहलमा प्राप्त उक्त मेसिनसहित सात प्रकारका सामग्री मंगलबार अपराह्न हस्तान्तरण गर्नुभएको हो।

हस्तान्तरण समारोहलाई सम्बोधन गर्दै मन्त्री थापा, नगरप्रमुख क्षेत्री, रोटरीका निवर्तमान गभर्नर विनोद कोइराला तथा कृष्णप्रसाद गौतमलगायत वक्ताहरूले रोटरी क्लब अफ बर्दीबासले शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवाका क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो। उहाँहरूले रक्तसञ्चार सेवालाई प्रभावकारी र दिगो बनाउन सबै पक्षको सहकार्य आवश्यक रहेकोमा जोड दिनुभयो।

नयाँ मेसिन सञ्चालनमा आएपछि बर्दीबासस्थित रक्तसञ्चार केन्द्रबाट प्रवाह हुने सेवा थप प्रभावकारी, गुणस्तरीय र सहज हुने अपेक्षा गरिएको छ। यसबाट महोत्तरीसँगै छिमेकी सर्लाही र सिन्धुली जिल्लाका बिरामीले समेत प्रत्यक्ष लाभ पाउने विश्वास गरिएको छ। वि.सं. २०७३ सालदेखि सञ्चालनमा रहेको बर्दीबास रक्तसञ्चार केन्द्रले हाल वार्षिक दुई हजारभन्दा बढी युनिट रगत आपूर्ति गर्दै आएको छ। तर प्लेटलेट्स तथा अन्य रक्त अवयवको वार्षिक करिब एक हजार पाँच सय युनिट आवश्यकता भए पनि उपकरण अभावका कारण सेवा विस्तार गर्न नसकिएको रेडक्रसले जनाएको छ।

रोटरी क्लब अफ बर्दीबासका अध्यक्ष इन्द्रप्रसाद ढुङ्गेल (सीताराम)ले तीन वर्षको प्रयासपछि अत्याधुनिक ब्लड कम्पोनेन्ट सेपरेटर हस्तान्तरण गर्न पाउँदा गौरव र सन्तुष्टि मिलेको बताउनुभयो। उहाँका अनुसार नयाँ प्रविधिको यो मेसिनले दाताबाट संकलन गरिएको होल ब्लडलाई रातो रक्तकोष, प्लाज्मा र प्लेटलेट्सलगायत विभिन्न रक्त अवयवमा छुट्याउन सक्छ। यसबाट एउटै रक्तदानबाट तीन जनासम्म बिरामीको उपचारमा सहयोग पुग्ने भएकाले बर्दीबास क्षेत्रका लागि यो महत्वपूर्ण उपलब्धि हुने उहाँले बताउनुभयो।

नेपाल रेडक्रस सोसाइटी बर्दीबास उपशाखाका सभापति भुवन खड्काले हालसम्म प्लेटलेट्स, प्लाज्मालगायत रक्त अवयव आवश्यक पर्दा बिरामी र आफन्तले जनकपुर, वीरगन्ज वा काठमाडौँ जानुपर्ने बाध्यता रहेको बताउनुभयो। उहाँका अनुसार कम्पोनेन्ट सेपरेटर सञ्चालनका लागि आवश्यक पूर्वाधार तयार भइसकेको छ। प्राविधिक व्यवस्थापन पूरा गर्न केही समय लाग्ने भएकाले आगामी साउन १ गतेदेखि रक्तसञ्चार केन्द्रबाट प्लेटलेट्स, प्लाज्मालगायत रक्त कम्पोनेन्ट उत्पादन तथा वितरण सेवा औपचारिक रूपमा सुरु गरिनेछ।

# इन्धनको मूल्य घट्यो, इ–रिक्सा–टेम्पोको भाडा बढ्यो

**धीरेन्द्रप्रसाद साह**

राजविराज, २४ असार। नेपाल आयल निगमले इन्धनको मूल्य घटाएको एक साताभन्दा बढी समय बितिसकेको छ। सामान्यतया इन्धनको मूल्य घट्दा यातायात खर्चमा राहत महसुस हुने अपेक्षा हुन्छ। तर सप्तरीको राजविराजमा त्यसको विपरित अवस्था छ। डिजेल वा पेट्रोलमा निर्भर नभइ विद्युत् (ब्याट्री) बाट सञ्चालन हुने सिटी रिक्सा (इ–रिक्सा) ले यात्रुबाट लिने भाडा उल्टै बढाएको छ। पहिले प्रतिव्यक्ति न्यूनतम २० रुपियाँ लिइँदै आएको लोकल भाडा अहिले ३० रुपियाँ पुर्याइएको छ।

आधिकारिक निर्णय वा स्थानीय तहको स्वीकृतिबेगर नै अधिकांश सिटी रिक्सा चालकले डेढ गुणासम्म भाडा असुल्न थालेपछि यात्रुहरू मारमा परेका छन्।



**बढ्दो आर्थिक भार**

राजविराज–७ की दुर्गादेवी नियमित रूपमा सिटी रिक्सामा यात्रा गर्नुहुन्छ। उहाँका अनुसार पहिले पहिलो स्टेन्डसम्म २० रुपियाँ तिर्नुपर्थ्यो, अहिले त्यही दूरीका लागि ३० रुपियाँ तिर्नुपर्छ। स्थानीय रफिद रहमान पनि चालकले कुनै सूचना वा निर्णयबिनै मनपरी ढङ्गले भाडा बढाएको बताउनुहुन्छ। “पहिलेको भन्दा दूरी उस्तै छ, सेवा उस्तै छ तर भाडा भने बढाइएको छ” उहाँले भन्नुभयो। दैनिक रूपमा छोटो दूरीमा यात्रा गर्ने सर्वसाधारणका लागि १० रुपियाँको वृद्धि सानो देखिए पनि दिनहुँको खर्च जोडिँदा त्यसले आर्थिक असर पारिरहेको उनीहरूको भनाइ छ।

**इन्धन मूल्यको प्रभाव छैन**

अधिवक्ता डोमन साहका अनुसार विद्युत्बाट सञ्चालन हुने सिटी रिक्सा टेम्पोलाई पेट्रोलियम पदार्थको मूल्य घटबढले प्रत्यक्ष असर पार्दैन। त्यसैले इन्धनको मूल्यवृद्धि वा महँगीलाई आधार बनाएर डेढ गुणासम्म भाडा बढाउनु न्यायोचित नहुने उहाँको तर्क छ। उहाँले भन्नुभयो, “यदि सञ्चालन खर्चमा केही वृद्धि भएको हो भने त्यसका आधारमा निश्चित प्रतिशत भाडा समायोजन गर्न सकिन्थ्यो। तर कुनै अध्ययन वा आधिकारिक निर्णयबिनै डेढ गुणासम्म भाडा बढाउनु उपयुक्त देखिँदैन।”

**निर्णयबिनै भाडा असुली**

सप्तरीमा पाँच हजारभन्दा बढी सिटी रिक्सा सञ्चालनमा रहेको बताउँदै अखिल नेपाल ट्रेड युनियन महासंघ, मधेश प्रदेशका अध्यक्ष केदार देवले भाडा वृद्धि गर्ने कुनै आधिकारिक निर्णय नभएको जानकारी दिनुभयो। उहाँका अनुसार लोकल रुटको स्वीकृत भाडा अझै २० रुपियाँ नै भए पनि अधिकांश चालकले ३० रुपियाँ असुलिरहेका छन्। “यसरी मनोमानी रूपमा भाडा उठाउनु नियमसम्मत होइन” उहाँले भन्नुभयो।

**विद्युत् शुल्कको दबाब**

अखिल नेपाल यातायात सिटी रिक्सा तथा टेम्पो मजदुर समितिका अध्यक्ष विजेन्द्र देवले पछिल्लो समय बढ्दो महँगी र विद्युत् महसुलमा थपिएको करका कारण पुरानो भाडा दरमा सेवा सञ्चालन गर्न कठिन भएको बताउनुभयो। उहाँका अनुसार भाडा निर्धारण गर्ने अधिकार स्थानीय सरकारको भए पनि यस विषयमा निर्णय गरिदिन राजविराज नगरपालिकालाई लिखित अनुरोध गरिसकिएको छ। “बैठक बसेर नयाँ भाडादर निर्धारण गरिदिन पटक–पटक आग्रह गरेका छौँ, तर हालसम्म निर्णय हुन सकेको छैन” उहाँले भन्नुभयो। देव जस्तै दुई–तीन वटा सिटी रिक्सा तथा टेम्पो मजदुरका अन्य समितिहरु पनि रहेका छन्। कुन समिति अन्तर्गतका सिटी रिक्सा तथा टेम्पो सञ्चालकले भाडा डेढ गुणा बढी लिइरहेका छन् भने कसैले भन्न चाहेको छैनन्।

**नगरपालिकालाई जानकारी छैन**

राजविराज नगरपालिकाका सूचना अधिकारी सुरेशकुमार यादवले नगर क्षेत्रमा सञ्चालन हुने सिटी रिक्सा तथा टेम्पोको आधिकारिक भाडादर पुरानै रहेको बताउनुभयो। उहाँले नयाँ भाडा वृद्धिसम्बन्धी कुनै निर्णय नगरपालिकाले नगरेको स्पष्ट पार्दै चालकहरूले आफूखुसी भाडा असुलिरहेको विषयमा औपचारिक जानकारी नआएको बताउनुभयो। “अब यस विषयमा बुझेर आवश्यक प्रक्रिया अघि बढाउँछौँ” उहाँले भन्नुभयो।

**पर्खाइमा सर्वसाधारण**

सार्वजनिक यातायातको भाडा निर्धारण गर्ने अधिकार सम्बन्धित निकायसँग भए पनि निर्णयमा भएको ढिलाइको प्रत्यक्ष असर यात्रुले बेहोर्नु परेको छ। इन्धनको मूल्य घटेको अवस्थामा पनि विद्युत्बाट सञ्चालन हुने सिटी रिक्साको भाडा बढ्नुले नियमन संयन्त्रको प्रभावकारितामाथि प्रश्न उठाएको छ। स्थानीय तहले समयमै स्पष्ट निर्णय गरी कार्यान्वयन गराउन नसके मनोमानी भाडा असुली अझ फैलिन सक्ने भन्दै सर्वसाधारणले तत्काल अनुगमन र नियमनको माग गरेका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)